आज मिति २०७६।११।०३ गते निजगढ नगरपालिकाका प्रमुख तथा नगर कार्यपालिका अध्यक्ष श्री सुरेश कुमार खनाल ज्यूको अध्यक्षतामा निजगढ नगर कार्यपालिकाको ७५ औं बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

१. प्रमुख श्री सुरेश कुमार खनाल, निजगढ नगरपालिका

२. उप-प्रमुख श्री लिला देवी लामिछाने खनाल, निजगढ नगरपालिका

३. वडा अध्यक्ष- वडा नं १ श्री मंगले लोप्चन

४. वडा अध्यक्ष- वडा नं २ श्री केशव प्रसाद उपाध्याय ढोडारी

५. वडा अध्यक्ष- वडा नं ३ श्री जीत बहादुर तामाङ

६. वडा अध्यक्ष- वडा नं ४ श्री जयराम कुवँर

७. वडा अध्यक्ष- वडा नं ५ श्री थल प्रसाद गौतम

६. वडा अध्यक्ष- वडा नं ६ श्री कुश बहादुर थापा

७. वडा अध्यक्ष- वडा नं ७ श्री रामजी प्रसाद बजगाई

८. वडा अध्यक्ष- वडा नं ८ श्री टेक बहादुर लामा

९. वडा अध्यक्ष- वडा नं ९ श्री सुदर्शन प्रसाद बडाल

१०. वडा अध्यक्ष- वडा नं १० श्री पदम बहादुर मोक्तान

११. वडा अध्यक्ष- वडा नं ११ श्री प्रेम बहादुर रुम्बा

१२. वडा अध्यक्ष- वडा नं १२ श्री ज्ञान बहादुर गोले

१३. वडा अध्यक्ष- वडा नं १३ श्री सुर्य घलान

१४. नगर कार्यपालिका सदस्य श्री जगत कुमारी अधिकारी

१५. नगर कार्यपालिका सदस्य श्री निमादेवी विश्वकर्मा

१६. नगर कार्यपालिका सदस्य श्री मिनमाया लामा

१७. नगर कार्यपालिका सदस्य श्री राधा कुमारी पुलामी मगर

१८. नगर कार्यपालिका सदस्य श्री लक्ष्मी गौतम

१९. नगर कार्यपालिका सदस्य श्री पदम बहादुर भुजेल

२०. नगर कार्यपालिका सदस्य श्री पवन विश्वकर्मा

२१. नगर कार्यपालिका सदस्य श्री सरिता राई दनुवार

प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव श्री विशकसेन ढकाल

प्रस्ताव तथा निर्णयहरु :

**प्रस्ताव नं १ : वडा वडा कालोपत्रे पीच गर्ने सम्बन्धमा ।**

निर्णय नं १ : वडा-वडामा रु. ५० लाख बराबरको कालोपत्रे पीच गर्ने योजना प्रिमिक्स पीच गर्नका लागि विनियोजित बजेट अनुसार नै लागत अनुमान तयार गरी ठेक्का लगाउने निर्णय गरियो । पीच गर्नका लागि वडा नं १, २ र ३, वडा नं ७ र ९, वडा नं ४ र ५, वडा नं ६ र ८, वडा नं १० र १२ र वडा नं ११ र १३ गरी जम्मा ६ वटा ब्लक बनाइ बेग्ला बेग्लै ठेक्का लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं २ : हिरालाल मार्गको ठेक्का रकम सम्बन्धमा ।**

निर्णय नं २ : हिरालाल मार्गका कार्य निरन्तर रुपमा अगाडि बढाउने तथा सोको भुक्तानी आन्तरिक आम्दानीबाट भएको बढोत्तरीबाट व्यहोर्ने निर्णय गरियो । साथै वडा नं ६ स्थित सडकटोल चोकबाट वडा नं ३ को सिमानासम्म स्वीकृत लागत अनुमान बमोजिम ग्राभेलका लागि शिर्षक नं ५ मेशिनरी साधन तथा दमकल खरिद शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो । हिरालाल मार्गको निरन्तरताको लागि नीतिगत निर्णय गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ : नदी नियन्त्रण, ग्रेडर, Visit Nepal 2020 को रकम सम्बन्धमा ।**

निर्णय नं ३ : नदी नियन्त्रण कार्यको लागि खर्च भएको रकम शिर्षक नं ५ मेशिनरी साधन तथा दमकल खरिद शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो । पर्यटन वर्षको शुभारम्भमा निजगढका पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्नका लागि आयोजना भएको Visit Nepal 2020 कार्यक्रममा भएको रु. १ लाख खर्चको शोधभर्ना तथा मोटरसाइकल र्‍यालीको लागि खर्च भएको ४०० लिटर पेट्रोलको भुक्तानी दिने निर्णय गरियो । दशै-तिहारको समयमा नगरका बाटाहरुको मर्मत गर्दा ग्रेडर लगाउने, ग्राभेल गर्ने लगायतका कार्यहरु गर्दा भएको खर्च रकम सरसफाई शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो । माथी उल्लेखित निर्णयहरु अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ : करारमा कार्यरत कर्मचारीको सेवा निरन्तरता दिने सम्बन्धमा ।**

निर्णय नं ४ : यस निजगढ नगरपालिकामा प्राविधिक तर्फका इन्जिनियरिङ सेवाका ९/१० तहका कर्मचारीको दरबन्दी रिक्त रहेको, अन्य प्राविधिक कर्मचारीको दरबन्दी १८ जना रहेकोमा हाल १ जना ईन्जिनियर, १ जना सब-इन्जिनियर मात्र रहेको, नयाँ नियुक्त भएका कर्मचारीहले पनि पुर्ण रुपमा जिम्मेवार भई कार्य भार सम्हाल्न केहि समय लाग्ने भएकाले हाल करार सेवामा कार्यरत ईन्जिनियर श्री अशोक कुशवाहालाई वि.सं. २०७७ अषाढ मसान्तसम्म करार सेवालाई निरन्तरता दिने निर्णय गरियो ।

**प्रस्ताव नं ५ : शक्तिखोला नदी नियन्त्रणको लागि रकम छुट्टाउने निर्णय गरियो ।**

निर्णय नं ५ : नदी नियन्त्रण शिर्षकमा बाँकी रहेको रकमबाट शक्तिखोला नदी नियन्त्रणको लागि रकम छुट्टाउने निर्णय गरिया ।

**प्रस्ताव नं ६ : क्याम्पस तथा सामुदायिक विद्यालयका लागि दिइने अनुदान सम्वन्धमा ।**

निर्णय नं ६ : नगर सभाबाट शिक्षा तर्फ विनियोजन गरिएको बजेटलाई क्याम्पस तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि, अतिरिक्त कक्षा सञ्चालन गर्नका लागि, कक्षाकोठा व्यवस्थापन, खानेपानी, शौचालय, कम्पाउण्डवाल निर्माण, भवनको छाना मर्मत, फर्निचर खरिद एवम मर्मत, पुस्तकालय, विज्ञान प्रयोगशालाको कक्ष सुधार एवम सामाग्री खरिद, प्राविधिक धार सञ्चालन भएका र सञ्चालन हुने प्रक्रियामा रहेका विद्यालयहरुको प्राविधिक शिक्षा सञ्चालन एवम पुर्वाधार व्यवस्थापनको लागि विद्यालय व्यवस्थापन समितिको निर्णयबाट खर्च गर्ने र कार्य सम्पन्न भएपछी गरिएको कामको प्रगति विवरण नगरपालिकामा पेश गर्ने गरी निजगढ नगरपालिका भित्र सञ्चालित निम्न शैक्षिक संस्थाहरुलाई विद्यालयको खातामा सोझै अनुदान निकासा गर्ने निर्णय गरियो ।

| क्र.स. | शैक्षिक संस्थाको नाम | ठेगाना | निकासा गर्ने रकम |
|---|---|---|---|
| १. | गौरीशंकर मा.वि. विद्यानगर | निजगढ-८ | १०,००,०००।- |
| २. | गैरीशंकर मा.वि. सडकटोल | निजगढ-६ | १०,००,०००। - |
| ३. | सार्वजनिक मा.वि, बागदेव | निजगढ-५ | १०,००,०००। - |
| ४. | गौरीशंकर क्याम्पस | निजगढ-९ | ८,००,०००।- |
| ५. | नेत्रोदय मा.वि. योजनाटोल | निजगढ-७ | ८,००,०००।- |
| ६. | ने.रा.मा.वि. रतनपुर | निजगढ-११ | ५,००,०००।- |
| ७. | ने.रा.मा.वि. सिंगौल | निजगढ-३ | ५,००,०००।- |
| ८. | ने.रा.मा.वि. लाल | निजगढ-१० | ५,००,०००। |
| ९. | आधारभूत विद्यालय २० वटा | निजगढ १देखि १३ नं वडा सम्म | प्रति विद्यालय २,००,०००।- का दरले । |
| जम्मा | | | ९८,००,०००।- |

**प्रस्ताव नं ७ : नगरपालिकाको नयाँ भवन 'गणेश भवन' उद्‌घाटन गर्ने सम्बन्धमा ।**

निर्णय नं ७ : निजगढ नगरपालिकाको नव निर्मित मुख्य प्रशासनिक भवन 'गणेश भवन' उद्‌घाटनको लागि माननीय उप-प्रधान तथा रक्षा मन्त्री इश्वर पोखरेललाई प्रमुख अतिथि रुपमा निमन्त्रणा गर्ने निर्णय गरियो । साथै नगरपालिकामा नगर कार्यपालिका सदस्यहरु तथा जग्गा दाताहरुको नामावली मार्बलमा लेख्ने निर्णय गरियो ।

**प्रस्ताव नं ८ : सम्मान कार्यक्रम गर्ने सम्बन्धमा ।**

निर्णय नं ८ : यस निजगढ निजगढ़ नगरपालिका क्षेत्रभित्र पर्ने साविकका गाउँ पञ्चायत, गाऊँ विकास समितिका प्रधानपञ्च, उप-प्रधान पञ्च, अध्यक्ष, उपाध्यक्ष, समाजसेवी, उत्कृष्ट विद्यालय, अन्तराष्ट्रिय खेलहरुमा पदक विजेता, कक्षा १० मा उत्कृष्ट नजिता हासिल गर्ने विद्यार्थीहरु लगायतका व्यक्ति तथा संस्थाहरुलाई नगरपालिकाको तर्फबाट सम्मान गर्न कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ९ : नदीजन्य पदार्थको बन्द अवधिको रकम ठेक्केदारको दिने सम्बन्धमा ।**

निर्णय नं ९ : आ.व. २०७६/७७ को लागि बकैया नदीमा नदीजन्य पदार्थको उत्खनन र निकासीमा श्री सुदिपा ट्रेडिङ कम्पनी प्रा.लि., काठमाडौँलाई रु. १०,३७, ७७,०००/-(भ्याट बाहेक) मात्र ठेक्का लगाइकोमा सम्मानीत उच्च अदालत अस्थायी इजलास जनकपुरको अन्तरिम आदेशबाट ६९ कार्यदिन रोक्का भई अमानतमा कर संकलन गरिएकोमा सो अवधिको दामासाहिले हुन आउने प्रतिदिन रकम रु. ४,३०,६०९।९५ (भ्याट बाहेक) का दरले हुन आउने रकम रु. २,९७,१२,०८७/-मात्र नीज ठे. श्री सुदिपा ट्रेडिङ कम्पनी प्रा.लि., काठमाडौँ लाई भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं १० : प्राथामिक स्वास्थ्य केन्द्रमा मेशिनरी औजारको व्यवस्था गर्ने सम्बन्धमा ।**

निर्णय नं १० : शिर्षक नं ५ मेशिनरी साधन तथा दमकल खरिद शिर्षकबाट निजगढ नगरपालिका मातहतमा रहेको प्राथामिक स्वास्थ्य केन्द्रमा अत्यावश्यक रहेको तपसिलका मेसिनहरु खरिद गर्ने निर्णय गरियो ।

क. डिजिटल एक्स रे मेसिन-१ थान

ख. अटोमेटिक एनालाइजर-१ थान

**प्रस्ताव नं ११ : प्राथामिक स्वास्थ्य केन्द्रलाई अस्पतालमा स्तरोन्नती गर्ने सम्बन्धमा ।**

निर्णय नं ११ : यस निजगढ नगरपालिका अर्न्तगत रहेको प्राथामिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालमा स्तरोन्नती गर्ने निर्णय गरियो । साथै सो अस्पताल सञ्चालन गर्नका लागि आवश्यक जनशक्ति, भौतिक पुर्वाधार तथा अन्य सामाग्रीहरु नेपाल सरकारसँग माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १२ : एम्बुलेन्स सञ्चालन कार्यविधी २०७६ स्वीकृत गर्ने सम्बन्धमा ।**

निर्णय नं १२ : निजगढ नगरपालिकाको लागि अनुदानमा प्राप्त एम्बुलेन्स सञ्चालनको लागि 'एम्बुलेन्स सञ्चालन कार्यविधी २०७६' स्वीकृत गर्ने निर्णय गरियो ।